# दुइ शब्द

उत्तरबंग विश्वविद्यालयबाट पाइने एउटा प्रावधान अनुसार यो शोधकार्य स्वतन्त्र रूपमा गरिएको भएता पनि यसको लेखन र निर्माणमा मैले धेरै विद्वान्हरूबाट धेरै सहायता लिएको छु, धेरै सहायता पाएका छु।

प्रथमत: उत्तरबंग विश्वविद्यालयकै नेपाली विभागका प्रो. लक्ष्मीकान्त शर्माले विषय अनुरूप रामकथाको समग्रतालाई समेट्ने एउटा सुन्दर उप-शीर्षक 'परम्परा र प्रवृत्ति' दिनु भई विषय विभाजन गरिदिनु भयो, जसलाई मैले खण्डमा छुट्टयाएको छु। डा. भीमकान्त उपाध्यायले यसको आवश्यक 'सिनप्सिस'- को रूपरेखा खिचिदिनाको साथै यसको विषयक्रम मिलाइदिनु भई मेरो कार्यलाई सहज तुल्याइदिनु भयो। उसरी नै प्रबन्धको यथावश्यक औपचारिकता पूरा गर्नामा हाल विभागाध्यक्ष डा. मोहन पी. दाहालबाट जुन सुझाउ र सहयोग पाएँ तथा यसलाई यथा समय समाप्त गर्ने पक्षमा प्रा. शान्तिराज शर्माबाट जुन व्यावहारिक सहायता पाएँ ती सबैको निम्ति उहाँहरू सबैप्रति म सदा आभारी छु।

सामग्री संकलनको क्षेत्रमा सहायता दिनु हुने ओरियन्टल इन्स्टी च्युट, बड़ोदाका निर्देशक जी. एच. भट्ट, कुमायूँ विश्वविद्यालयका हिन्दी विभागका प्रमुख डा. बटरोही, कवि पद्मप्रसाद ढुंगानाका नाती हरिप्रसाद शर्मा (असम), पारसमणि प्रधानका सुपुत्र रूद्रमणि प्रधान, नरबहादुर दाहाल, भगीरथ रावत(कालेबुङ), तुलसी कश्यप, उदयचन्द्र वासिष्ठ (गान्तोक) प्रति आफ्नो आन्तरिक धन्यवाद चढ़ाउँद छु।

यसै संदर्भमा उत्तरबंग विश्वविद्यालय, सिलगढ़ी महाविद्यालय, दार्जिलिङ सरकारी महाविद्यालयका पुस्तकालयहरूका साथै मदन पुरस्कार पुस्तकालय(काठमाड़ौ), देशवन्धु जिल्ला पुस्तकालय(दार्जिलिङ)-ले चाहिएका पुस्तकहरू हेर्न दिई सहयोग गरे वापत् तद्तत् संस्थानका अधिकारीवर्ग प्रति पनि म कृतज्ञता जनाउँद छु।

अन्तत: प्रस्तुत शोध ग्रन्थ यस्तै भयो। पछि प्रकाश पनि गर्ने अनुमति र सुयोग पाए यसलाई अझै शुद्ध ,सुन्दर र समृद्ध बनाउने छु।

सुझाउ र सहयोगको निम्ति फेरि पनि म सबै महानुभावहरू प्रति आफ्नो आन्तरिक आभार प्रकट गर्दछु।

रामनवमी | विनीत,
२५.३.१९९९ | गोकुल सिन्हा